# पाँचखाल नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## पाँचखाल, काभ्रेपलाञ्चोक
## प्रदेश नं. ३, नेपाल

# इलेक्ट्रोनिक्स तथा सूचना प्रविधिका सामाग्रीहरु खरिद सम्बन्धी सिलबन्दी दरभाउपत्र आव्हानको सूचना

**सूचना प्रकाशित मितिः २०७५/०२/१५**

यस कार्यालयको लागि इलेक्ट्रोनिक्स तथा सूचना प्रविधिका सामाग्रीहरु आवश्यक परेको हुनाले सप्लाई गर्न इच्छुक नेपाल सरकारबाट इजाजत प्राप्त फर्म/कम्पनी/संस्थाले यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र आफ्नो नविकरण भएको फर्म दर्ता, मूल्य अभिबृद्धि कर प्रमाणपत्र र आ.ब. २०७३/०७४ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि संलग्न राखी निम्न शर्तहरुको अधिनमा रहि यस कार्यालयमा रितपूर्वक सिलबन्दी दरभाउपत्र पेश गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

१. यो सूचना प्रकाशित भएको मिति देखि १५औं दिन सम्ममा अद्यावधिक नविकरण गरेको व्यवसाय दर्ताको प्रमाणित इजाजतपत्र, अद्यावधिक नविकरण फर्म, संस्था वा कम्पनी दर्ताको प्रमाणित प्रमाणपत्र, स्थायी लेखा नम्बर प्रमाणित प्रमाणपत्र, आ.व. २०७३/०७४ सम्मको कर चुत्ता गरेको प्रमाणित पत्र वा आर्थिक वर्ष २०७३/०७४ को कर/आय विवरण पेश गरेको प्रमाणित प्रतिलिपी र निवेदन यस कार्यालयमा पेश गरेपछि नियमानुसार दरभाउपत्रको फारम यस कार्यालयबाट उपलब्ध गराइने छ।

२. खरिद गरिएका दरभाउपत्र फारमको महलहरु स्पष्ट रुपमा भरी प्रत्येक पानामा सहिछाप गरी प्रथम पटक सूचना प्रकाशित भएको मितिले १६औं दिनको १२:०० बजेभित्र यस कार्यालयमा उपस्थित भई सिलबन्दी दरभाउपत्र दर्ता गराउन सकिने छ।

३. दरभाउपत्र फारमको साथ जमानत वापतको रकम यस नगरपालिकाको कार्यालयको नेपाल वाणिज्य बैक, धुलीखेलमा रहेको धरौटी खाता नं १०४०३०३००७११० मा दाखिला गरेको सक्कल भौचर वा मान्यता प्राप्त बैंकबाट कम्तिमा पचहत्तर दिन मान्य अवधि रहने गरि जारी भएको बैंक जमानत (बैंक ग्यारेन्टी) सिलबन्दी दरभाउपत्र साथ पेश गर्नुपर्नेछ। यसरी पेश गरिने बैंक जमानत (बैंक ग्यारेन्टी) यो सूचना प्रकाशित भएको मिति पछिको लाई मान्यता दिइनेछ।

४. सिलबन्दी दरभाउपत्र प्राप्त गर्नको लागि रु.१०००।- (अक्षेरुपी एक हजार मात्र) यस नगरपालिकाको कार्यालयमा बुझाई लिन सकिनेछ र सिलबन्दी दरभाउपत्र पेश गर्दा सो को सक्कल रसिद समेत समावेश गर्नु पर्ने छ।

५. दर्ता हुन आएका सिलबन्दी दरभाउपत्रहरु यस कार्यालयमा दरभाउपत्रदाताहरु वा निजको प्रतिनिधिहरुको रोहवरमा सूचना प्रकाशित भएको मितिले १६औं दिनको २:०० बजे खोलिने छ, निजहरुको अनुपस्थितिमा पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन। फारम खरिद गर्ने वा दाखिला गर्ने दिन सार्वजनिक विदा परेमा उक्त कार्यहरु विदा पछिको कार्यालय खुलेको दिन सोही समयमा हुनेछ।

६. प्राप्त दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ। रित नपुगेका र म्याद नाघी आएका दरभाउपत्र उपर कुनै कारवाही गरिने छैन।

७. दरभाउपत्र सम्बन्धी अन्य शर्तहरु दरभाउपत्र फारममा उल्लेख गरे बमोजिम हुनेछन्।

८. अन्य कार्यविधिहरु स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४, सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ तथा प्रचलित कानुन अनुसार हुनेछ।

९. अन्य कुराहरुको हकमा नियमानुसार हुने तथा थप जानकारीको लागि कार्यलय समय भित्र पाँचखाल नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, पाँचखाल, काभ्रेपलाञ्चोकमा सम्पर्क गर्न सकिने छ।

| क्र.सं. | ठेक्का नं. | विवरण | जमानत रकम | वोलपत्र पेश गर्ने तरिका |
|---|---|---|---|---|
| १ | १-ICTE-०७४/०७५ | इलेक्ट्रोन्क्सि तथा सूचना प्रविधिका सामाग्रीहरु | रु. ५९,८२०।- | सिलबन्दी दरभाउपत्र दाखिला मात्र |

**प्रमुख प्रशासकीय अधिकृत**
**पाँचखाल नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय, पाँचखाल, काभ्रेपलाञ्चोक**